आज मिति २०७७ साल श्रावण ३२ गते अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा सत्यवती गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक बसी तपशील बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावउपर छलफल गरी निर्णय गरियो।

तपशील

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | श्री पारिश्वर ढकाल | |
| उपाध्यक्ष | श्री सुवर्ण शेरचन शाही | |
| सदस्य | श्री भीमलाल पाण्डेय | |
| सदस्य | श्री दधिराम कुँवर क्षेत्री | |
| सदस्य | श्री रुकबहादुर राना मगर | |
| सदस्य | श्री दानबहादुर राना | |
| सदस्य | श्री ओमप्रकाश भण्डारी | ओमप्र, बजेट को बारेमा मेरो असहमति |
| सदस्य | श्री विष्णुप्रसाद भण्डारी | |
| सदस्य | श्री लोक बहादुर बुढाथोकी | |
| सदस्य | श्री सन्तकुमार थापा | |
| सदस्य | श्री मनमाया थापा | |
| सदस्य | श्री नरमाया थापा | |
| सदस्य | श्री मिना दमाई | |
| सदस्य | श्री तेजकुमारी थापा | |
| सदस्य | श्री होमबहादुर भुजेल | |
| सदस्य | श्री हरिप्रसाद वि.क. | |
| सचीव | श्री यादव भण्डारी | |
| | | |
| | | |
| | | |

**बैठक संख्याः ४- ०७७/७८** **मिति** : २०७७/०४/३२

**प्रस्तावहरुः**

**प्रस्ताव नं.१ः** विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयको काम कारवाही अगाडि बढाउने सम्बन्धमा।

**प्रस्ताव नं.२ः** होल्डिङ सेन्टरमा रु.५०,०००/- भुक्तानी गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.३ः** प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा सिफारीस गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.४ः** प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धमा।

**प्रस्ताव नं.५ः** कोभिड-१९ लक्षित कृषि कार्यक्रमका लागि भुक्तानी दिने सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं.१ः** सत्यवती गाउँपालिकाका केही विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको म्याद सकिएकोमा यस कार्यालयबाट विद्यालय व्यवस्थापन समितिको पुनः गठनका लागि म्याद दिइएको तर उक्त अवधिमा केही विद्यालयमा विविध कारणले समिति गठन हुन नसकेकोमा हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ कोरोना भाइरसका कारण पुनः विद्यालयमा म्याद दिई समिति गठन गर्न निर्देशन दिदाँ कोभिड-१९ को जोखिम बढ्न सक्ने भएकाले विद्यालय व्यवस्थापन समितिको निर्णयबाट हुने कार्य तत्कालका लागि म्याद सकिएका विद्यालयको प्रधानाध्यापक र उक्त विद्यालय रहेको वडाका वडाध्यक्षको संयुक्त दस्तखतबाट अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं.२ः** जिल्ला विपद व्यवस्थापन समितिको निर्णयानुसार प्रत्येक पालिकामा आउने नागरिकका लागि केही दिन राखी कोभिड-१९ को पी.सी.आर परिक्षण गरी पालिकालाई जिम्मा दिने कार्यका लागि रुरु गाउँपालिकामा होल्डिङ सेन्टरको स्थापना गर्ने र खर्च सञ्चालनका लागि प्रत्येक पालिकाले रु.५०,०००/- भुक्तानी दिने निर्णय भएकोमा सोही निर्णयानुसार उक्त रकम भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं.३:** प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट आ.ब.०७७/७८ मा कोभिड विशेष कृषि कार्यक्रम संचालन गर्न कृषि/पशु/मत्स्य अधिकृतमध्ये आवश्यक रहेको एक पद माग गरी पठाउन लेखी आएकोमा सत्यवती गाउँपालिकाको लागि कृषि अधिकृत माग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.४:** सत्यवती गाउँपालिकामा आयोजनाहरुको प्राविधिक नापजाँच र मुल्याङ्कनका कार्यलाई सहज गर्नका लागि प्राविधिक कर्मचारीलाई वडा कार्यालयबाटै कामकाज गर्न लगाउने निर्णय गरियो।

**प्रस्ताव नं.५:** सत्यवती गाउँपालिकाको लागि प्रदेश सरकारबाट कोभिड विशेष कृषि कार्यक्रम सञ्चालनका लागि प्राप्त बजेट कार्यान्वयन लागि कार्यपालिकाको निर्णयानुसार उपभोक्ता समितिलाई जिम्मा दिइएकोमा उक्त कार्यक्रम सञ्चालनका लागि गठित अनुगमन समितिको निर्णयानुसार प्रथम चरणमा ७० जनालाई रकम भुक्तानी दिने निर्णय गरियो।